आज मिति २०८२ पौष २८ गते सोमबारका दिन नगर शिक्षा समितिका अध्यक्ष एवंम नगर प्रमुख श्री कृष्णकुमार तामाङको अध्यक्षतामा बैठक बसि तपसिलका विषयमा छलफल गरियो।

उपस्थिती

1. अध्यक्ष श्री कृष्णकुमार तामाङ (नगर प्रमुख)
2. सदस्य श्री पोषराज श्रेष्ठ (नि.प्र.प्र.अ)
3. सदस्य श्री कालीबहादुर लिम्बु
4. सदस्य श्री वीरेन्द्र के.सी
5. सदस्य श्री कुमारबाबु अधिकारी
6. सदस्य श्री दुर्गा रम्तेल
7. सदस्य श्री शंकर खनाल
8. सदस्य श्री अर्जुन तामाङ
9. सदस्य श्री लक्ष्मी श्रेष्ठ
10. सदस्य सचिव श्री कमल गौतम

आमन्त्रीत

१ श्री एलिना श्रेष्ठ (नगर उपप्रमुख)

२ श्री केशव पोखरेल (शिक्षा अधिकृत)

३.

४.

**१. वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्बन्धमा।**

निर्णय न.१ उक्त प्रस्ताव माथी छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय बबरमहल, काठमाण्डौं को मिति २०८२।०७।०३ गतेको वैदेशिक रोजगार सन्ततती छात्रवृत्ति सहायतका लागि निवेदन दिने सुचना प्रकाशन भएकोहुदाँ उक्त छात्रवृत्तिका लागि वैदेशिक रोजगार सन्तती छात्रवृत्ती सञ्चालन कार्यविधी २०८० अनुसार यस नगरपालिकामा तपसिल अनुसार निवेदन प्राप्त भएको साथै निजहरु कार्यविधि बमोजिम छात्रबृत्ती प्राप्त गर्न योग्य रहेको हुँदा उक्त छात्रवृत्तिका लागि वैदेशिक रोजगार वोर्डको सचिवालयमा सिफारिस गरी पठाउने भनि निर्णय गरियो।

तपसिल:

| क्र. | विध्यार्थिको नाम | विद्यालयको नाम | जन्म | कक्षा | श्रमिकको नाम | वैदेशिक रोजगारमा | राहदानी नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| सं | | | मिति | | | मृत्यु/अशक्त भएको व्यक्ति सँग नाता | | |
|---|---|---|---|---|---|---|---|---|
| 1 | दिवस रोक्का | चैनपुर अंग्रेजी बोर्डिङ स्कुल | 2075-04-01 | 1 | दिपक रोक्का | छोरा | 10759886 | |
| 2 | पुजा रोक्का | चैनपुर अंग्रेजी बोर्डिङ स्कुल | 2073-05-03 | 3 | दिपक रोक्का | छोरी | 10759886 | |
| 3 | काशिराम कोइराला | सिद्दकालि ई.बो. स्कुल | 2068-09-23 | 6 | चुडामणि कोइराला | छोरा | 12424618 | |
| 4 | प्रभा कोइराला | श्री शारदा मा.वि. पोखरी | 2065-09-07 | 12 | चुडामणि कोइराला | छोरी | 12424618 | |
| 5 | मनिस खड्का | चैनपुर अंग्रेजी बोर्डिङ स्कुल | 2077-02-17 | UKG | मित्र बहादुर खड्का | छोरा | 08698170 | |
| 6 | मनिसा खड्का | चैनपुर अंग्रेजी बोर्डिङ स्कुल | 2070-12-23 | 6 | मित्र बहादुर खड्का | छोरी | 08698170 | |
| 7 | तिपन श्रेष्ठ | श्री सरस्वति मा.वि चैनपुर | 2067-08-20 | 11 | शंकरमान श्रेष्ठ | छोरा | 2371400 | |
| 8 | सविता श्रेष्ठ | श्री सरस्वति मा.वि चैनपुर | 2066-03-28 | 11 | शंकरमान श्रेष्ठ | छोरी | 2371400 | |
| 9 | अनित लिम्बु | श्री सरस्वति मा.वि हिटिटोल | 2070-12-29 | 7 | पदम बहादुर लिम्बु | छोरा | 003076974 | |
| 10 | मनिसा लिम्बु | श्री सरस्वति मा.वि हिटिटोल | 2067-03-32 | 9 | पदम बहादुर लिम्बु | छोरी | 003076974 | |

**२ विद्यालयमा भर्चुवल शिक्षण, इ-लर्न कार्यक्रमको प्रस्ताव माग सम्बन्धमा।**

निर्णय न.२ उक्त प्रस्ताव माथी छलफल गर्दा सर्सत अनुदान मार्फत यस नगरपालिकामा मा.वि. र नि.मा.वि विद्यालयहरुमध्ये १ वटा विद्यालयलाई रु.१०,००,०००।-(दश लाख) ICT,विज्ञान प्रयोगशाला र पुस्तकालयका लागि प्राप्त भएको हुदाँ उक्त कार्यक्रम/योजनाका लागि ७ दिनको म्याद राखी प्रस्ताव आह्ववान गर्ने निर्णय गरियो।

**3 सिंहदेवी मा.वि चैनपुर-१ मा सञ्चालित शिक्षक भलिबललाई रकम उपलब्ध गराउने सम्बन्धमा**

निर्णय न.३ उक्त प्रस्ताव माथी छलफल गर्दा चैनपुर नगरपालिका वडा न.१ स्थित रहेको श्री सिंहदेवी मा.वि नुनढाकीले मिति २०८२ पौष २६ र २७ गते सञ्चालन गरेको अन्तरपालिका स्तरीय शिक्षक भलिवल प्रतियोगिताका लागि रकम माग भएको हुदाँ उक्त प्रतियोगिता सञ्चालनका लागि आ.व २०८२/०८३ को शिक्षा युवा तथा खेलकुद शाखाको युवा खेलकुद विकास कार्यक्रम बाट रु.५०,०००।–(पचास हजार) विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो।

**४.नगर स्तरीय प्रतिभाको खोजी कार्यक्रम (मा.वि स्तरीय हाजिर जवाफ)**

निर्णय न.४ उक्त प्रस्ताव माथी छलफल गर्दा शिक्षा युवा तथा खेलकुद शाखाको वार्षिक स्वीकृत कार्यक्रम नगर स्तरीय प्रतिभाको खोजी कार्यक्रम (मा.वि ९-१० स्तरीय हाजिरी जवाफ प्रतियोगिता) २०८२

CS CamScanner

फाल्गुन ७ गते श्री सरस्वती माध्यमिक विद्यालय चैनपुर, हिटिटोलमा विद्यालयको सहकार्य/समन्वयमा शिक्षा युवा तथा खेलकुद शाखाले सञ्चालन गर्ने निर्णय गरियो ।

**५.पंचकन्या आ.वि खाम्लिङमाले शिक्षक माग गरेको सम्बन्धमा ।**

निर्णय न-५ उक्त प्रस्ताव माथी छलफल चैनपुर नगरपालिका वडा न.९ स्थित रहेको पञ्चकन्या आधारभूत विद्यालय खाम्लिङले नि.मा.तहको शिक्षक माग गरेको हुदाँ निज विद्यालयले नि.मा. तहको नगरपालिका अनुदानको शिक्षक हटाएको खण्डमा सो विद्यालयलाई आधारभूततह कक्षा (६-८) को (गणित,विज्ञान,अंग्रेजी) सर्सत अनुदानबाट नि.मा तहको शिक्षण सहयोग अनुदान कोटा १ वटा उपलब्ध गराउने भनि निर्णय गरियो।

**६.बार्षिक शैक्षिक क्यालेण्डर निर्माण/प्रकासनका लागि समिति गठन गर्ने सम्बन्धमा ।**

निर्णय न-६ उक्त प्रस्ताव माथी छलफल गर्दा चैनपुर नगरपालिका भित्रको सञ्चालित विद्यालयहरुमा आगामि शैक्षिक सत्रको वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी लागु गर्ने स्वीकृत कार्यक्रम भएको हुदाँ क्यालेण्डर निर्माण/प्रकासनको लागि तपसिलको समिति गठन गर्ने भनि निर्णय गरियो ।

तपसिल:

१. संयोजक देविन्द्र राउत (नि.प्र.अ) श्री सरस्वती मा.वि चैनपुर-६
२. सदस्य: मिलन तामाङ (शिक्षक) सुर्योदय आ.वि दुम्सिमारा चैनपुर-५
३. सदस्य: अर्जुन तामाङ (प्र.अ) वाणिविलास मा.वि चैनपुर-११
४. सदस्य विरवहादुर लिम्बु (प्र.अ)
५. सदस्य सचिव: केशव पोखरेल (शिक्षा अधिकृत)

**७.लागत साझेदारीमा कक्षा ११-१२ संचालित विद्यालयलाई इन्भर्टर र फोटोकपी मेसिन अनुदान सम्बन्धमा ।**

निर्णय न. ७ उक्त प्रस्ताव माथी छलफल गर्दा शिक्षा युवा तथा खेलकुद शाखाको आ.व. २०८२/०८३को स्वीकृत वार्षिक कार्यक्रम लागत साझेदारीमा कक्षा ११-१२ संचालित विद्यालयलाई इन्भर्टर र फोटोकपी मेसिन (अपुग रकममा साझेदारी) शिर्षकमा रु.३,००,०००।–(तीन लाख) विनियोजन भएको हुदाँ उक्त रकम तपसिलका विद्यालयहरुलाई उपलब्ध गराउने भनि निर्णय गरियो ।

तपसिल

1. श्री सिंहदेवी मा.वि चैनपुर-१ रु.१,००,०००।–(एक लाख)
2. श्री सरस्वती मा.वि चैनपुर -६ , रु.२,००,०००।–(दुइ लाख)

**८.विद्यालयहरुको वार्षिकोत्सव संचालन सम्बन्धमा ।**

निर्णय न.८ उक्त प्रस्ताव माथी छलफल गर्दा चैनपुर नगरपालिका भित्र सञ्चालित विद्यालयहरुले वार्षिक उत्सव मनाउदा अत्याधिक खर्चिलो ढङ्गबाट सञ्चालन गर्दै आएको हुदाँ जसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अभिभावकहरुमा आर्थिक व्यय भार थपिने भएको हुदाँ उक्त कार्य सञ्चालन गर्दा मितव्ययिता अपनाइ सञ्चालन गर्न पत्राचार गर्ने भनि निर्णय गरियो।

CamScanner

९. विद्यालयहरुले विद्यार्थी शैक्षिक भ्रमण लैजादा नगरपालिकाबाट पूर्व स्वीकृति लिने सम्बन्धमा ।

निर्णय न.९ उक्त प्रस्ताव माथी छलफल गर्दा यस नगरपालिका भित्र सञ्चालित विद्यालयहरुले विद्यार्थीहरुको शैक्षिक भ्रमण लैजादा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकाबाट पुर्व स्वीकृत लिइ लैजान पत्राचार गर्ने भनि निर्णय गरियो।

१०. विद्यालयहरुले स्वत: प्रकासन गर्ने सम्बन्धमा ।

निर्णय न: १० उक्त प्रस्ताव माथी छलफल गर्दा यस नगरपालिका भित्र सञ्चालित विद्यालयहरुले सुचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम प्रत्येक ३/३ महिनामा स्वत: प्रकासन अनिवार्य रुपामा गर्न पत्राचार गर्ने निर्णय गरियो।

11. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ को परिच्छेद ३ को दफा १९ सम्बन्धमा

निर्णय न.११ उक्त प्रस्ताव माथी छलफल गर्दा अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ प्रारम्भ हुदाँका वखत १२ वर्ष उमेर पुरा नभएका र सम्वत् २०८५ वैशाख १ गते पछि सम्म पनि आधारभूततहको शिक्षा पुरा नगर्ने सम्पुर्ण नागरिकहरुले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनैपानि सरकारी सेवामा वा सरकारको पुर्ण वा आंशिक स्वामित्वमा रहेका कुनै पनि संस्थाको सेवामा प्रवेश गर्न,गैरसरकारी संस्थाको कुनै पनि पदमा निर्वाचित हुन, कुनै प्रकारको रोजगारी प्राप्त गर्ने,कम्पनी / संघसंस्था स्थापना गर्न अयोग्य हुने व्यवस्था रहेको हुदाँ उक्त व्यवस्था वारे सम्पुर्ण नगरवासीलाई जानकारी गराउने, तथ्यांक संकलन गरी यस ऐन वमोजिम आधारभूततह उत्तीर्ण नगर्नेको संख्या एकिन गर्ने र वैकल्पिक शिक्षा मार्फत आधारभूत तह उत्तीर्ण गराउन सामुदायिक सिकाइ केन्द्रहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

११. विविध

क. सरस्वती मा.वि चैनपुर-६ माथिल्लो को स्काउट सञ्चालनको रकम माग सम्बन्धमा ।

निर्णय नं. क,

उक्त प्रस्ताव उपर छलफल गर्दा श्री सरस्वाती मा.वि. चैनपुर माथिल्लो बाट विद्यालयमा स्काउट संचालनका लागि रु. ५०,०००/- शिक्षा समितिको निर्णयबाट हुने खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner